म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- ४८० २०८१ भदौ १७ गते सोमबार 2 September 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-




# १०० दिनको उपलब्धी महत्वपूर्ण हुन्छ

बागमती प्रदेशमा कांग्रेसले पहिलो पटक सरकारको नेतृत्व पाएको छ । कांग्रेसबाट संसदीय दलको नेता बहादुर सिंह लामाले सरकारको नेतृत्व गरिरहनु भएको छ । लामाले सरकारको नेतृत्व लिएको एक महिना पूरा भएको छ । यस अवधिमा उहाँको नेतृत्वमा ३ वटा क्याविनेट बसेको छ भने प्रक्रियागतरुपमा राजनीतिक सल्लाहकार नियुक्ति, जिल्ला समन्वय समितिहरुलाई आर्थिक सहायता, अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय भएका छन् । सोबाहेक यसअवधिमा सरकारले प्रक्रियागत गतिविधिबाहेक अन्य कुनैपनि ठोस काम गर्न सकेको देखिँदैन । गत साउन ९ मा सरकारको नेतृत्व लिनुभएका लामाले सकसपूर्ण ढंगबाट साउन १२ मा १३ मन्त्रालयमा १४ मन्त्री नियुक्त गर्नुभएको छ । एक विना विभागीयसहित १४ मन्त्री नियुक्त गर्नुभएका मुख्यमन्त्री लामालाई मन्त्री व्यवस्थापन समस्याको विषय बनेको छ । विकास निर्माणको काम र सेवा प्रवाहमा नागरिक लक्षित हुनेगरी प्रणालीको सुधार र सुशासनका विषयमा सरकार गम्भीर भएको भन्नुहुने मुख्यमन्त्री लामासँग सरकारको काम, प्रदेशको अवस्था र चुनौतीलगायतका विषयमा गरिएको कुराकानीको अंश:

**समाज: एक महिनाको अवधिमा बागमती प्रदेशको मुख्यमन्त्री पदको अनुभव कस्तो रह्यो ?**
**लामा:** बागमती प्रदेश सरकारको नेतृत्वमा आइसकेपछि पहिला त मन्त्रिमण्डल गठनमा लागियो । मन्त्रिमण्डल गठन गर्दा धेरै कुरामा असहज पनि भयो । त्यसपश्चात् मन्त्रीहरुको कार्यविभाजनमा केही दिन लाग्यो । अहिले समय तालिकाअनुसार काम गर्नुपर्छ भनेर लागेको छु । सोहीअनुसार काम गर्न मन्त्रालय, मन्त्री र सचिवहरुलाई निर्देशन दिइएको छ । १२ मन्त्रालयसँग ठोस कार्य गर्ने गरी कार्यसम्पादन सम्झौता पनि गरिएको छ । जनतासँग सम्बन्धित काम, सुशासन सवालमा मन्त्रालयहरुलाई गम्भीरताका साथ अघि बढ्न निर्देशन गरेको छु । प्रत्येक मन्त्रालयले एउटा ठोस काम गर्न सचिवहरुलाई निर्देशन दिएको छ । विपदको समयमा के गरी व्यवस्थापन गर्ने भन्ने कुरामा सरकार गम्भीर ढंगबाट अघि बढेको छ ।

**समाज: एक महिनाको अवधि प्रक्रिया बुझ्ने र आन्तरिक तयारीमा बित्यो भन्न मिल्छ ?**
**लामा:** सरकार सञ्चालनका विषयमा आन्तरिक कुराहरु बुझ्न पनि आवश्यक छ । मैले पहिला एउटा मन्त्रालयको जुन तरिकाले नेतृत्व गरेको थिएँ । तर अहिले सबै मन्त्रालय हेर्नुपर्दा फरक ढंगबाट अगाडि बढ्नुपर्छ भन्ने लागेको छ । सेवा प्रवाह र विकासका कामलाई गति दिन विषयगत कार्यालय र कर्मचारी व्यवस्थापन गरिसकेको छ । बागमती प्रदेशको १३ जिल्लाको कार्यालयहरुलाई व्यवस्थित ढंगबाट काम गर्न निर्देशन दिएको छ । प्रदेशले गर्नुपर्ने काम, भौगोलिक हिसाबले विकट रहेका क्षेत्रमा सेवा प्रवाह तथा विकासमा सरकार लागेको छ । विगतका समस्या समाधान गर्ने र नयाँ ढंगका योजना निर्माणमा अग्रसर हुने सरकारको तयारी रहेको छ ।

**समाज: तपाईले नेतृत्व लिएपछि मन्त्रिपरिषद्को ३ वटा बैठक बसेर प्रक्रियागत भन्दा बाहेक जनताले खोजेको विषयहरुमा निर्णय हुन सकेन भन्ने छ ?**
**लामा:** पहिलो बैठकमा प्रदेशका १३ जिल्लामा व्यवस्थापन गर्नका लागि जिल्ला समन्वय समितिलाई बजेट दिने निर्णय गर्‍यौं । जसले समन्वय समितिको कामकाजलाई व्यवस्थापन गरेर अनुगमन तथा नियमन कार्य कार्यान्वयनमा ल्याउने अवधारणा सरकारले राखेको



**बहादुर सिंह लामा**
**मुख्यमन्त्रीः बागमती प्रदेश सरकार**

छ । दोस्रो बैठकमा राजनीतिक सल्लाहकार र तेस्रो बैठकले प्रदेशका विभिन्न संरचनामा रहेका ओएनएम अनुसारका अस्थायी दरबन्दीहरु स्वीकृत गरेको थियो । सरकारले पहिला कर्मचारी व्यवस्थापन गर्न काम गर्ने योजना बनाएको छ । सेवा प्रवाहका विषयमा जनतासँग प्रत्यक्ष जोडिने उक्त विषयलाई सरकारले प्राथमिकताका साथ अघि बढाएको हो । हामीले योजना कार्यान्वयनका लागि मन्त्रायलको कार्यविधिहरु निर्माण तथा स्वीकृतिमा पन काम गरेका छौं, जसले नागरिकको कामलाई प्रभावकारी र व्यवस्थित गर्नेछ । अन्य कामहरु क्रमशः अघि बढ्दैछन् ।

**समाज: यो एक महिनाको अवधिलाई तपाईले कसरी मूल्यांकन गर्नुभएको छ ?**
**लामा:** एक महिनाको अवधिमा मन्त्रिपरिषदको व्यवस्थापनको काममा लाग्यौं । कर्मचारी व्यवस्थापन र कार्यहरु सञ्चालन गर्नका लागि पनि केही समय लाग्यो । कर्मचारीहरु कहाँ-कहाँ जाने र कुन ठाउँमा जाने भन्ने कुरा बुझ्नुपर्‍यो । उनीहरुको इच्छा विपरित जाँदा पनि काम नगर्ने भएकाले केही समय लाग्दोरहेछ । एक महिनाको अवधिमा हामीहरुले धेरै कामहरुलाई अगाडि बढाएका छौं ।

**समाज: मन्त्री र सरकार प्रमुखको ध्यान उद्घाटन र प्रक्रियागतमा मात्र सीमित भयो भन्ने छ ? ठोस योजना तथा प्रभावकारी कार्यक्रम निर्माणमा कमजोरी भएको हो ?**
**लामा:** नकारात्मक तरिकाले मात्र हेरेर हुन्न । सकारात्मक तरिकाले पनि हेर्नुपर्‍यो । कार्यालय सञ्चालन र सेवा प्रवाह तथा विकास निर्माण व्यवस्थापन गर्न सरकारले काम गरिरहेको छ । यो सरकारको महत्वपूर्ण जिम्मेवारी भूमिका पनि हो । पहिलो नम्बरमा कार्यालय व्यवस्थापन भएपछि मात्र कामहरु गर्न सकिन्छ । कार्यालय सुधार भएपछि अरु कुराको सुधार हुन्छ । हामीले व्यवस्थापनमा केन्द्रित रहेका छौं । वर्षाको मौसम सकिनेवित्तिकै कार्यविधिहरु सबै निर्माण गरिसकेपछि कार्यान्वयनको चरणमा पुग्छौं । हामीले अहिले सिस्टम बनाउन केन्द्रित छौं । सिस्टमले व्यवस्थापन र सुशासनलाई बलियो बनाउँछ । सुशासन भनेको पहिला आफूमा सुधार गर्नु हो । त्यसमा सरकार सचेत छ ।

**समाज: तपाईको एक महिनाको कार्यकाललाई जनताले के उपलब्धीको रुपमा मान्ने ?**
**लामा:** सरकारको कामलाई १०० दिन अवधि पछि के गर्‍यो भनेर तुलना गरिन्छ । अहिले एक महिनामा नै मूल्यांकन हुँदैन । तर सुधार का कुराहरु र अफिसियल कामहरु पूरा भएको छ । त्यो जनताले देखेको छैन । नीतिलाई कार्यान्वयनमा ल्याइएको छ । सबै कार्यालयहरुमा प्रमुखहरुले पुगेका छन् । अब त्यसको फङ्सनिङ हुन्छ र त्यसपछि मात्र काम अघि बढ्छ । सबैसँग सहकार्य गरेर अर्दा अलि समय लाग्ने रहेछ । अब सरकारको कामले गति लिन्छ र १०० दिनको उपलब्धी महत्वपूर्ण हुन्छ ।

**समाज: चार वटा संरचनामा अहिले नेतृत्वविहीन अवस्थामा रहेको छ । लामो समय भइसक्यो जिम्मेवारी तोक्न सकिएको छैन । यसतर्फ सरकारको ध्यान पुगेको छैन किन ?**
**लामा:** यसमा प्रदेश सरकारको ध्यान छ । हामीले लोकसेवा आयोगको अध्यक्षका बारेमा छलफल गरिसकेका छौं । छिटोभन्दा छिटो अध्यक्ष नियुक्त गर्ने विषयमा अघि बढिरहेका छौं । भदौ महिनाभित्रै गर्ने लक्ष्य लिएका छौं । बैठक बसेको कुरालाई बाहिर सार्वजनिक गर्ने कुरा पनि भएन । सहमति लगभग जुटिसकेको छ । अन्य संरचनाका कार्यकारी पदका विषयमा पनि साझेदार दलहरुबिच छलफल भइरहेको छ । २ ठूला दलहरु मिलेर सरकार बनेको छ । त्यसले गर्दा व्यवस्थापन गर्ने पक्षतर्फ हामी अगाडि बढेका छौं ।

**समाज: तपाईले लोकसेवा आयोगको कुरा गर्नुभयो । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश खेलकुद विकास परिषद् र प्रदेश दुग्ध विकास बोर्डको कार्यकारी पद पनि महत्वपूर्ण छ नि ?**
**लामा:** त्यसको व्यवस्थापनमा सरकार अगाडि बढेको छ । केही संरचनाहरु आवश्यक देखिएको छैन । त्यसलाई व्यवस्थापन गर्नुपर्ने अवस्था छ । अहिलेको आवश्यकताका आधारमा हामीले जिम्मेवारी तोक्ने विषयमा छलफल गरिरहेका छौं । विगतमा भएका संरचनाहरुलाई मिलाउनु पर्ने अवस्था छ । पहिले बनिसकेका संरचनाको विरोध गर्ने कुरा पनि भएन ।

**समाज: यस्ता संरचनाहरू व्यवस्थापनमा सरकारले के गर्छ ? संरचना मर्जका विषयमा सरकार अघि बढ्छ ?**
**लामा:** अहिले तुरुन्तै त जाँदैन । अहिले नै संरचना हटाउने, मर्ज गर्ने काममा लाग्दा यसले एफेक्ट गर्छ । हामी ती संरचनाको प्रभावकारिता अध्ययन गर्ने र आवश्यकता निर्धारणमा अघि बढ्छौं । सरकारको स्रोत र साधनको उचचतम प्रयोग गर्ने र प्रशासनिक खर्च घटाउने योजना रहेको छ । त्यहीअनुसार काम गर्नुपर्ने मान्यता सरकारको हो ।

**समाज: तपाईले वित्तीय भार घटाउने गरी काम गर्छु भन्दै हुनुन्छ, तर मन्त्रीको संख्या लगातार बढाउने काम भएको छ । अहिले पनि १३ मन्त्रालयमा १४ मन्त्री नियुक्त गर्नुभएको छ नि ?**
**लामा:** हामीले मन्त्रालयको संख्या बढाएका छैनौं । हामीले संविधान बनाउँदा त्यसको परिकल्पनाअनुसार नै अभ्यास गरिरहेका छौं । संविधानमा नै सदस्य संख्याको यतिसम्म बन्न सक्छ भन्ने किटान गरिएको छ । त्यसैलाई अभ्यास गर्ने क्रम चलिरहेको छ । सत्ता गठबन्धन मिलाउन र राजनीतिक परिस्थितिका कारण मन्त्रालय बढेका हुन् ।

*...बाँकी पृष्ठ ३ मा*

## हेटौंडा अस्पतालमा विस्तारित बहिरंग सेवा सुरु

समाज संवाददाता


हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पतालमा आइतबारदेखि विस्तारित बहिरंग सेवा (इएमएस) सुरु भएको छ । सेवा सुरु भएको दिन अस्पतालमा ३ जनाले विस्तारित सेवाको लाभ लिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. रामचन्द्र सापकोटाले बताउनुभयो ।

अस्पतालबाट २ जना सेवाग्राहीले मेडिसिन र एक जनाले सर्जरीको सेवा लिएका थिए । २ जनाले भने भिडियो एक्स-रे (अल्ट्रासाउन्ड) को सेवा लिएका मेसु सापकोटाले बताउनुभयो । अस्पताललले सेवामा सुधार ल्याउन थप सेवाको रुपमा विस्तारित बहिरंग सेवा आइतबारदेखि सञ्चालन ल्याएको हो ।

अस्पतालले विस्तारित बहिरंग सेवा दिउँसो ४ बजेदेखि बेलुका ६ बजेसम्म सञ्चालन गर्नेछ । हेटौंडा अस्पतालले विस्तारित सेवाबाट जनरल मेडिसिन, स्त्री तथा प्रसुती, बालरोग, नशा तथा हाडजोर्नी, जनरल सर्जरी, मानसिक रोग र भिडियो एक्स-रेको ओपीडी सेवा प्रदान गर्दैछ ।

विस्तारित सेवामा विशेषज्ञ चिकित्सकबाट मात्र सेवा प्रदान गरिनेछ । यो सेवामा सेवाग्राहीले डाक्टर छनोट गरेर सेवा लिनसक्ने व्यवस्था मिलाइएको छ । अस्पतालले बहिरंग सेवामा बिमाको सुविधा भने लागू गर्ने छैन । बहिरंग सेवाको शुल्क ५ सय रुपैयाँ रहेको छ ।

आगामी दिनहरुमा अस्पतालले बहिरंग सेवामा ओपीडी सेवामात्र नभई सर्जिकल सेवासमेत लागू गर्ने प्रतिबद्धता जनाएको छ । विस्तारित सेवामा बिरामीको प्रतिक्रियाअनुसार सेवा थपसमेत गरिने अस्पतालले बताएको छ । हेटौंडा अस्पतालले विस्तारित सेवामा रगत, दिशा, पिसाब परीक्षणको रकम सामान्य ओपीडी सेवाकै कायम गरिएको छ ।




## बागमतीका डीआईजी र एसएसपी अवकास

# एसपी रेग्मीलाई प्रदेश प्रहरीको कमाण्ड

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) र प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) एकैपटक अवकासमा गएका छन् । ३० वर्षे सेवा अवधि पूरा गरी डिआईजी विष्णुकुमार केसी र वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) रवि पौडेल अवकाशमा जानु भएको हो । ३० वर्षे सेवा अवधि पूरा गरी केसी र पौडेल अनिवार्य अवकासमा जानुभएको हो ।

शनिबार रातिबाट ३० वर्षे सेवा अवधि पूरा गरी अनिवार्य अवकासमा जानुभएका उहाँहरुको आइतबार बिदाइ गरिएको छ । बिदाई कार्यक्रममा एसएसपी पौडेल भने सहभागी हुनुहुन्न थियो । पारिवारिक समस्याका कारण उहाँ बिदाई कार्यक्रममा उपस्थित हुन नसक्नु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । डिआजी केसी र एसएसपी पौडेलले प्रहरी सेवा असईबाट थाल्नु भएको थियो । उहाँहरुको अवकाससँगै बागमती प्रदेश प्रहरीको जिम्मेवारी प्रहरी उपरीक्षक (एसपी) दुर्गा रेग्मीले सम्हाल्नु हुनेछ ।

३० वर्षे सेवा अवधि विरुद्ध ९० प्रहरी अधिकृतहरु अनिवार्य अवकासमा गएका छन् । २०५१ भदौ १६ मा प्रहरीमा प्रवेश गरेर सेवा अवधि पूरा गरी अवकाशमा जानेमा डीआईजी केसी र एसएसपी पौडेल सहित ११ जना वरिष्ठ उपरीक्षक (एसएसपी) छन् । एसएसपीहरुमा दिनेशराज मैनाली, बेलबहादुर पाण्डे, जीवन श्रेष्ठ, किसनसिंह थापा, रेवती ढकाल, चन्द्रदेव राई, नवीन राई, रवीन्द्र रेग्मी, दिल्लीराज विष्ट र वीरबहादुर ओली छन् ।

प्रहरी उपरीक्षक (एसपी)हरु अवदेश विष्ट, कृष्ण प्रसाईं र हिराबहादुर पाण्डेसहित अवकाशमा गएका छन् । यता सशस्त्र प्रहरीका डीआईजीहरु अभि खत्री, दुर्गा भट्टराई र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक विश्व भट्टराईसहित १८ जना अवकाशमा गएका छन् । १०५ टोलीमा भर्ना भएर उनीहरु सशस्त्रमा गएका थिए । अवकाश हुनेमा १५ जना डीएसपी छन् । नेपाल प्रहरीबाट सशस्त्रमा आएका १८ जना अवकाशमा गएको छन् । अवकाश भएका अधिकृतहरू ५० देखी ५२ वर्ष उमेर समूहका छन् । सेवा अवधिका विरुद्धमा उनी सहितका प्रहरी अधिकृतहरुले सर्वोच्चमा रिट दायर गरेका थिए । उक्त रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेशलाई निरन्तरता नदिँदा उनीहरु अवकाशमा गएका हुन् । भदौ ६ मा न्यायाधीश हरि फुयाँलले ३० वर्षे सेवा अवधि कार्यान्वयन नगर्न दिएको थियो । सो आदेश न्यायाधीश विनोद शर्मा र शारङ्गा सुवेदीले खारेज गरेका थिए ।



## सम्पादकीय

# उमेर नपुग्दै आमा

किशोरावस्था भनेको १० देखि १९ वर्षको उमेर समूह हो । किशोरावस्थामा शारीरिक, मानसिक तथा भावनात्मक परिपक्वता आइसकेको हुँदैन । यस्तो अवस्थामा विवाह गर्दा विभिन्न समस्या सामना गर्नुपर्ने भएकाले २० वर्षभन्दा कम उमेरमा हुने विवाहलाई बालविवाह भन्दै राज्यले कानुनीरुपमा दण्डनीय बनाएको छ । बालविवाह आफैंमा एउटा सामाजिक समस्या बनिरहेको अवस्थामा २० वर्षभन्दा कम उमेरमै आमा बन्दा थप जटिल समस्या सामना गर्नु परिरहेको छ । किशोरावस्थामा नै शिशुलाई जन्म दिएर शारीरिक, मानसिक, सामाजिक सबै खाले समस्या झेल्नुपर्दा किशोरकिशोरी थप पीडामा पर्ने गरेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको एक प्रतिवेदनअनुसार नेपालमा २० प्रतिशत किशोरीहरु गर्भवती हुन्छन् । किशोरी अवस्थामा हुने गर्भधारण गर्नुको मुख्य कारण बालविवाह हो । तर, समयमै यौन शिक्षा नपाउनु, अभिभावकको निर्देशन र हेरचाह कम हुनु, आफन्त तथा साथीको दबाब वा प्रभाव र सामाजिक सञ्जालका कारण किशोरावस्थामै आमा बन्नुपर्ने अवस्था बनिरहेको छ ।

कानुनीरुपमा दण्डनीय बालविवाह नरोकिएका कारण किशोरावस्थामै आमा बन्ने क्रम कम हुन सकेको छैन । चालु आर्थिक वर्ष २०८१/०८२ को साउन महिनामा हेटौंडा अस्पतालबाट प्रसुति सेवा लिएको ३ सय १२ जनामध्ये २६ जना किशोरी आमा बनेका छन् । २० वर्षभन्दा कम उमेरमै किशोरी आमा बन्नुपर्दा विभिन्न चुनौती देखिने गरेका छन् । मकवानपुर जिल्लाको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको साउन महिनामा ३ सय ६१ जनाभन्दा धेरै किशोरी आमा बनेका छन् । सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिकाका किशोरी आमा बनेका हुन् । एक महिनाको अवधिमा हेटौंडाका २ सय ८७ जना किशोरी आमा बनेको तथ्याङ्क छ । किशोरावस्थामा नै आमा बन्नेमा कैलाश गाउँपालिकाका ३० जना, राक्सिराङ गाउँपालिकाका १७ जना, भीमफेदी गाउँपालिकाका ११ जना र बागमती गाउँपालिकाका ९ जना छन् । यस्तै, इन्द्रसरोवर गाउँपालिकाका ४ जना, मनहरी गाउँपालिकाका २ जना र थाहा नगरपालिकाका एक जना किशोरी आमा बनेका छन् ।

गत आर्थिक वर्ष २०८०/०८१ मा मकवानपुरका एक हजार २ सय ७२ जना किशोरी आमा बनेका थिए । गत आर्थिक वर्ष हेटौंडा उपमहानगरपालिकाका मात्र ४ सय २१ जना २० वर्षभन्दा कम उमेरमै आमा बनेका हुन् । गत आर्थिक वर्ष कैलाश गाउँपालिकाका ३ सय ११ जना, राक्सिराङ गाउँपालिकाका एक सय १२ जना, बागमती गाउँपालिकाका एक सय ३ जना र मनहरी गाउँपालिकाका ९२ जना किशोरी आमा बनेका थिए । भीमफेदी गाउँपालिकाका ८५ जना, थाहा नगरपालिकाका ४७ जना, इन्द्रसरोवर गाउँपालिकाका २८ जना किशोरी आमा बनेका थिए । गत आर्थिक वर्ष २०८०/०८१ मा हेटौंडा अस्पतालबाट २० वर्षभन्दा कम उमेर समूहका २ सय ४५ जना किशोरीहरु आमा बनेको हेटौंडा अस्पतालको तथ्याङ्क छ । गत आर्थिक वर्षको साउन महिनामा २७ जना किशोरीहरु आमा बनेका थिए ।

किशोरी अवस्थामै आमा बनिरहँदा किशोरीहरु पढ्नबाट वञ्चित भएका छन् । किशोरीमात्र नभई किशोरहरु पनि उमेर नपुग्दै परिवारको जिम्मेवारीका लागि पढाइ छाड्नुका साथै वैदेशिक रोजगारीमा होमिन बाध्य छन् । किशोरावस्थामा हुने गर्भको कारण रक्त अल्पता, गर्भपतन, उच्च रक्तचाप, लामो प्रसव व्यथा लाग्ने, बच्चा भैसकेपछि अधिक रक्तस्राव हुन सक्ने, शिशु स्याहारसम्बन्धी ज्ञान र सीप कम हुनेजस्ता समस्या हुन सक्छन् । किशोरावस्थामा बच्चा जन्माउँदा पाठेघरको समस्यासमेत हुने गर्दछ । किशोरी आमाले जन्माएको शिशुमा पनि विभिन्न समस्या देखिने गरेको छ । किशोरकिशोरीमा उमेर नपुग्दै हुने विवाह र गर्भधारणलाई ढिलाइ गर्नु आवश्यक छ । बालविवाहलाई निरुत्साहित गर्दै किशोरावस्थामा हुने गर्भधारण कम गर्न सकेमा किशोरी आमाको संख्या कम हुँदै जानेछ । यसका लागि किशोरकिशोरीलाई उपयुक्त प्रजनन शिक्षा र सचेतना दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२९५५५

| | |
|---|---|
| मेष | : आर्थिक अवस्थामा सुधार हुने समय छ । |
| वृष | : उन्नतिको पथमा अगाडि बढिने समय योग छ । |
| मिथुन | : धन खर्च बढ्ने समय योग रहेको छ । |
| कर्कट | : स्वास्थ्य समस्यामा सुधार आउने समय छ । |
| सिंह | : प्रतिष्ठा र कार्यक्षमतामा समय व्यतित होला । |
| कन्या | : प्रकृतिमा आनन्द मनाइने समय योग छ । |
| तुला | : राम रमाइलोमा समय व्यतित हुने समय छ । |
| वृश्चिक | : दाम्पत्य सुखमा रमाइने समय योग छ । |
| धनु | : हाँके/ताकेका काममा समय व्यतित हुने छ । |
| मकर | : बोली प्रभावपूर्ण बन्ने समय योग छ । |
| कुम्भ | : भेटघाटमा जुट्ने अवसर मिल्ने समय छ । |
| मीन | : धार्मिक कामबाट आत्मा शान्ति प्राप्त हुने योग छ । |

# चाडपर्व र हाम्रो नियति

**अहिलेको समाज भनेको सामाजिक सञ्जाल र टिकटकको देखासिकीमा चलेको छ, अब ऋण पनि नपत्याउने जमाना छ र बाध्य भएर बिदेसिनुपरेको छ, मानौँ अबको एक दशकमा यहाँ नेताहरुले मतदाता नै नपाउने अवस्था छ । वर्तमानलाई नै अस्वीकार गर्ने नेतृत्वले भविष्यलाई कसरी स्वीकार गर्ला ?**



✍ प्रा.डा. हरि शर्मा




विपत्ति नै नियति भएको हाम्रो देशमा चाडपर्व पनि नियतिको रूपमा देखा पर्न लागेको छ । नेपालीमा एउटा उखान थियो, 'नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छो बाउको अनुहार' । साँच्चै खाना, नाना र छानाकै लागि कठिन अवस्था हुँदै छ नेपालीहरूलाई र त गएको साउनमा मात्रै ६० हजार नेपाली निस्के विदेशका लागि । हा दैव ! कसमाथि आँसु बगाऊँ कि देशमा दुर्घटनाबाट मान्छे नमरेको वा नहराएको दिन छैन । त्रिशूलीमा नुहाउन गएका दुई बस खोजी गर्न आएको चुम्बक नै त्रिशूलीले खाएको र चुम्बक पठाउनेले नै त्यहीँ नजिक मस्र्याङ्दीमा आफ्ना यात्रुका लास खोज्दै विशेष विमानबाट दर्जनौँ शव लगेको छ, पंक्ति तयार गर्दाको एक दिनअघि मात्र ।

फेरि त्रिशूलीमै खस्न लागेको अर्को गाडी बालबाल बचेको छ, मुग्लिङ-नारायणघाट खण्डमा र दर्जन बढी यात्रु घाइते भएका छन् भने रामेछापको पहिरोले घर बगाउँदा ६ जनाको शव भेटियो र त्यतैको खुर्कोटनजिक सुनकोसीमा गाडी खस्दा गाडी भेटियो, यात्रु भेटिएनन् । हाम्रो राज्यसंयन्त्र केवल कर असुलीमा उपस्थित हुने गरेको छ, अरूमा अहँ देखिँदैन । अभिभावक भनिएको सरकार हेरिरहेको छ, सडक सुरक्षा योजना कार्यान्वयन गर्दैन, हाम्रो सरकारले लोकतन्त्रको बिल्ला भिरेको छ र जबर्जस्त नेसनल आइडी प्रयोगमा ल्याउन खोज्छ । सरकार नेसनललाई अनेसनल बनाउन तल्लीन छ र संविधानप्रदत्त हकमा बन्चरो हान्दै छ ।

सारालाई दुःख दिएर बनाइरहेको आइडीमा सर्वोच्चले अन्तरिम आदेशमार्फत 'यो कार्य रोक्नु' भनेको छ । आमजनतालाई दुःख र पीडा दिने हद नाघिसकेको छ । गएको असार २७ गते आइडीको मुद्दा लिएर अदालत गएकै दिन अदालतले दरपीठ गरेको थियो, त्यो सुईंको पाउनासाथ क्याबिनेट निर्णय गर्दै हाललाई पेन्सनधारी वा वृद्धवृद्धाको सामाजिक सुरक्षा भत्तामा यो लागू नगर्ने निर्णय गरी बेवसाइटमा सूचना राखियो, तर केही घण्टामै त्यो उर्दीलाई रद्द गरियो, सबैतिरका मेसिनरी प्रयोग गर्दै आइडी अनिवार्य गराइयो, फलस्वरूप वृद्धहरू रुँदै सकी-नसकी आइडी बनाउन लाइन बसे, कागजात अद्यावधिक भएन, आइडी नबनी फर्के र सामाजिक सुरक्षा भत्ताको नवीकरण हुन पाएन मात्रै होइन, आधा शतकजति राष्ट्रको सेवा गरी लिइएको पेन्सन पट्टालाई सरकारले चिनेन र संविधानले नचिनेको आइडी नआएकै भरमा साउनदेखि पेन्सन रोकेको छ । विश्व बैंकको १६ अर्बको हिसाब सायद कुनै बेला पीडितले माग्लान्, तर हरेक साता ऋण सहयोग नलिएको समाचार विरलै आउने गरेको छ देशमा ।

हाम्रो पूर्वाधार क्षेत्रमा लोकतन्त्रले ध्यान दिएन मात्रै होइन, बजारमा सुलभ तरिकाले उपभोक्ताले किनेर खाने अवस्था पनि भएन । महँगी तीव्र रह्यो, धानचामलको कोटा अरू देशले तोक्नुपर्ने भयो; दाल, गेडागुडी, चामलमा अग्रिम कर लगाइदियो यहाँको सरकारले, खाद्यान्न महँगियो । अरू बेला भोकै, मकै रहे पनि नेपालीको बानी छ– चाडबाडमा मीठो खानुपर्ने, राम्रो कपडा लगाउनुपर्ने अनि इष्टमित्र, समाजलाई देखाइदिनुपर्ने पनि छ । साँच्चै देशको अर्थतन्त्र चलायमान हुने भनेको भने देशको धर्म, संस्कृति, रहनसहन, वेशभूषा जोगाइदिने चाडपर्व नै हुन् । विकास निर्माण भनौँ पुँजीगत खर्च त न्यून छ, भए पनि असारे र डोजरे हो, पूर्वाधार गलेर सडक यातायातबाट दिनहुँ मान्छे मरेका खबरले नै पुष्टि गरेको छ । प्राकृतिक विपत्ति आउनुमा हाम्रो अपरिपक्व विकास मोडल हो ।

सुनिन्छ, यसै महिना पूर्वाधार सम्मेलन हुँदै छ, तर यो सम्मेलन पहिलो नभएर पाँचौँ हुने हो । चाडबाडमा चिनी पाइन्न बजारमा, निजी क्षेत्रले अहिले सिफारिस गरेको छ, शून्य भन्सारमा ४० हजार टन चिनी र १ लाख टन चामल आयात गर्नुपर्छ भनेर । चिनी उत्पादन गर्ने कारखानालाई लोकतन्त्रले पार्टी प्यालेस बनायो, खेती गर्नेहरूलाई विप्रेषणमा बेचिदियो, भखैरको आँकडा छ– एक वर्षमा उसले १४ खर्ब कमायो र धान, चामल निर्यातक राष्ट्रलाई आयातक बनायो ।

एक वर्षमा साढे ३ खर्बको पेट्रोलियम पदार्थ आयात गर्ने यो देशमा १५ अर्बको त गेडागुडी आयात भएको छ । उत्पादनमूलक संस्थालाई बेचिदियो, तिनले प्रयोग गर्ने बिजुलीलाई निर्यात गर्ने बनायो, त्यो पनि यहाँका उपभोक्ताको भन्दा कम मूल्यमा । आर्थिक सुधारका लागि अब सुझाव लिन लागियो, यसअघि लिइएका धेरै सुझाव कता थन्किए, पत्तो छैन । एक महिनाभित्र उपभोक्ता अदालत गठन गर्ने भन्न लागियो अहिले, अदालतले अन्तरिम आदेश दिँदा ब्याकेटमा जाने सरकारले अदालतबाट निःसृत भएका आदेशहरू कार्यान्वयन गरेको छैन र उपभोक्ता अधिकारमा कुनै कमी छैन देशमा ।

थापाथली, बानेश्वर, बालुवाटारप्रति आक्रोश पोख्दै युवाहरूले सुरक्षाको घेरा तोडेका छन्, पाँचवर्षे भ्रष्टाचार हदम्यादका लागि पाइपलाइनमा बसेको विधेयक देखेर । साँच्चै बालुवाटारको काम भनेको बोल्नुमात्रै हो, मानौँ त्यो स्थल भनेको प्रधानमन्त्री निर्माण गर्ने कारखाना पनि हो । यसअघि बालुवाटारले महिला राष्ट्रपति, रक्षामन्त्री, प्रधान न्यायाधीश, सभामुखदेखि मुख्य सचिवसम्म बनाइसकेको श्रेय आफैँले लिएको छ । यति सस्तो लोकतन्त्र पाएपछि सबै खुसी हुने नै भए र अब महिला प्रधानमन्त्री बनाउने निधो पनि भएको छ । ठूला बाहरू मिलेपछि नहुने कुरो कुनै छैन देशमा । आफ्नो आदर्श, सिद्धान्त र निष्ठामा बस्नु नपर्ने लोकतन्त्रमा सबैको आँखामा छारो सजिलै हाल्न सकिन्छ । महिला प्रधानमन्त्री भए देशको कायापलट हुन्छ र डेनमार्क नै हुन्छ सुशासनमा वा सिंगापुर नै हुन्छ भने पनि पत्याउनुपर्छ हामीले ।

विश्लेषण गर्न सक्ने जुझारु युवा यहाँ रहेनन्, वृद्धहरू प्रायः बिरामी छन्, जोस-जाँगर छैन, कानुन बनाएर ढुकुटी दोहन गर्ने नेतृत्व पाउँदा दलनिकट कार्यकर्ताहरु खुसी नै छन्, दल विकटहरूमात्रै यो देशमा रुने हुन्, बाँकीलाई त सधैँ पर्व नै छ । ह्याभ्स र ह्याभ्स नट थ्योरी लागू हुने कम्युनिज्म हामीकहाँ आएको होइन, बरु ती सिद्धान्त प्रतिपादकका फोटाहरू आएका हुन्, जसले सत्ताको भरेङ चढाइदियो, माओ, मार्क्स, लेनिनहरूले यो देश चिनेकै थिएनन् । कौटिल्यको अर्थशास्त्रः नीतिले कमाऊ, रीतिले बाँच र प्रीतिले अरूलाई बाँच्न देऊ भन्ने सिद्धान्त यहाँ आएको हो भने भुइँ छोडेर लालाबालालाई तुना सिइदिन खाडीमा पुग्नुपर्ने र फर्कँदा बन्दी बाकसमा हुनुपर्ने थिएन । यहाँको लोकतन्त्र टाठाबाठाहरूका लागि आएको हो र सुत्केरी बाघजस्तै छ, जहाँ जसलाई देखे पनि झम्टिहाल्छ । सामाजिक सुरक्षामा वृद्धहरूलाई झम्टिने भोको बाघले पलपलमा उपभोक्तालाई चुसेको छ, एक जनाको आयले एक बच्चाको शिक्षा आर्जन असम्भव भएको छ र पाल्न नसकेकै कारण देशमा जनसंख्या माइनसतिर जान लागेको छ, देश जिम्मा लिनले यति कुरो बुझ्न सकेन, दुई छिमेकीले जनसंख्यालाई वरदानको रूपमा हेरेका छन् ।

विषादी परीक्षणविना नै खाद्यान्न खानुपरेको छ, जनताको करले बनेको परीक्षण प्रयोगशालामा धुसी परेको छ, स्रोत र साधनको अभाव भयो रे र १ सय ६४ प्रकारका विषादी प्रयोग हुँदा जम्मा १२ प्रकारको मात्रै परीक्षण भएको छ । त्यो पनि परीक्षण सुरु हुनुअघि नै फलफूल, तरकारी उपभोक्ताका घरमा पुगिसक्छन् । सधैँ अभावको बजारमा उपभोक्तालाई विषादी खाएर हुने भोलिको रोगको चिन्ताभन्दा आजको पेट भर्ने समस्या ठूलो छ । संविधानको मौलिक हक नै प्रयोग नभइरहेको अवस्थामा उपभोक्ता हक संरक्षण ऐनको कसरी प्रयोग हुने, जबकि विदेशमा जस्तो उत्पादन र छनोटको वातावरण नै छैन ।

बैंकहरूले ब्याजदर धेरै घटाए, तर सरकारले ब्याज आयमा कर बढायो । देशभित्रै लगानीयोग्य रकम पौने ८ खर्ब बैंकहरूमा रहेको छ र अधिक तरलताका कारण राष्ट्र बैंकले भखैरै १ अर्ब रकम आफूले तानेको छ, उद्यमी-व्यवसायीहरू लगानी गर्न उद्यत छैनन्, बरु व्यापार गरी कमिसन खाने र छिटो धनी हुने मनसायमा छन्, लगानी डुब्ने खतरा छ तिनको र सरकारले निर्धक्क लगानी गर्ने वातावरण तय गर्न सकेको छैन । यस्तो अवस्थामा बिजुली खेर जाने नै हो, ६ हजार बढी नदीनाला भएको जलस्रोतको उन्नत देशमा यति ठूलो मात्रामा पेट्रोलियम पदार्थ आयात भएको छ, त्यसको विकल्प भनेको बिजुली नै हो, सवा सय वर्षमा आधा बढी निजी क्षेत्रले उत्पादन गरिदिएर २ हजार ९ सय मेगावाटको विद्युत् उत्पादन गर्दा देशले गौरव सम्झेको छ र भुटानमा भन्दा महँगो दरमा यहाँका उपभोक्तालाई बेचेको छ, निर्धक्क बत्ती बाल्न पनि डराउनुपर्ने अवस्थामा छन् उपभोक्ताहरू, विद्युतीय चुलोको कुरो धेरै परको छ । दसौँ थरी कर यही इन्धनबाट असुलेको छ, पछिल्लो समय हरित कर थोपरेको छ तर प्रदूषण नियन्त्रणमा छैन, पूर्वाधार त दिनदिनै गलेको छ । देशमा आएको लोकतन्त्र गफ गर्नेहरूका लागि गफाडीको मसला मात्र बनेको छ ।

संघीयताको बजार लोकप्रिय भएको छ कार्यकर्ताहरूलाई रोजगारी दिन, नजन्मदै भारी कर बुझाउनुपर्ने नेपालीहरूलाई बाँचिरहँदा मात्रै होइन, मरेपछि मृत्युकर पनि तिर्नुपरेको छ । कुनै बेला यिनै हातहरूले एक रोपनी जग्गाको १ रुपैयाँ तिरो तिरेको, घरको त कर नै थिएन र ५ रुपैयाँमा तीन तला माथिसम्म २४ घण्टा खानेपानी आपूर्ति भएको र एक छिमेकीको धाराबाट १० घरसम्मले पानीको प्रयोग गर्न सक्थे । आजको लोकतन्त्रले गरिब नेपालीको मुटुमा बज्र हानेको छ र गाउँघर रित्तो बनाएको छ, उत्पादन हुने जमिनमा लोकतन्त्रका मेसिनरीहरूले डोजर कुदाएका छन्, डाँडापाखाहरू पग्लिएका छन्, भ्याटबार उठेको छ, बेलुका सुतेको मान्छे भोलि जिउँदै ओछ्यानमा हुन्छ कि हुन्न, अनिश्चय छ र बिहान निस्केको मान्छे बेलुकी घरमा आउँछ कि आउँदैन यकिन छैन, उसका लागि कुनै सुरक्षाको ताँती छैन, बस उसको सुरक्षा भनेको घरको तुलसीको मोठ, भित्ताका नाग वा कुनै देवताका चिह्न वा चित्रहरू मात्र भएका छन् ।

विकसित देशले विज्ञान र प्रविधिको प्रयोग गरेर आकाशका ग्रहहरूको खोजीमा लगायो, मंगलग्रहको खोजीमा लगायो, अँध्यारो दक्षिणी चन्द्रस्थलमा चन्द्रयान पुऱ्यायो, तर यहाँ विदेशीले दिएको मेसिन प्रयोग गरेर आइटी वा प्रविधिका नाममा मान्छेका गोपनीय अंगहरूको, आँखाका नानीहरूको स्क्यान गरेर नेपाली कुनै पनि चिह्न नआउने गरी संविधानप्रदत्त हकको बर्खिलाप गरेर दिउँसै रात पारेर नेसनल भन्दै अनेसनल आइडी बनाउन लगायो र जसले यो आइडी बनाउन सकेनन्, पेन्सन नै रोकिदियो । अर्काको इसारामा कमिसनको प्रलोभनमा परेर जनतालाई अनाहक दुःख दिने लोकतन्त्रलाई उसले भनेका कुरामा, बोलेका कुरामा जनताले भारी डिस्काउन्ट रेटमा बुझ्नुपर्ने भएको छ । यो वा त्यो बहानामा वृद्धहरूको भत्ता नरोक्नू भन्ने आदेशलाई पुनः अर्को मोडलमा जाने अभिलाषा राखेमा वृद्धहरूको आँसुले लोकतन्त्रलाई बाटो नदिने पक्का छ ।

तीज आउँदा साडी किनिदिनुपर्ने संस्कृति छ, सोह्रश्राद्धमा श्राद्ध कर्म गरिदिनुपर्ने संस्कृति छ, दसैँ आउँदा खसी नै ढाल्नुपर्ने संस्कृति छ, लालाबालाहरूलाई राम्रो नाना खोज्ने बेला पनि यही हो, दसैँतिहार आउँदा पूरै अर्थबजार चलायमान हुने देश हो हाम्रो, मौलिकता पनि यसैमा छ तर आयस्रोत छैन, रोजगारी छैन, अन्न बेचेर सुका, मोहर जम्मा गरे पुर्खाले, त्यो अवस्था पनि छैन । अहिलेको समाज भनेको सामाजिक सञ्जाल र टिकटकको देखासिकीमा चलेको छ, अब ऋण पनि नपत्याउने जमाना छ र बाध्य भएर बिदेसिनुपरेको छ, मानौँ अबको एक दशकमा यहाँ नेताहरुले मतदाता नै नपाउने अवस्था छ । वर्तमानलाई नै अस्वीकार गर्ने नेतृत्वले भविष्यलाई कसरी स्वीकार गर्ला ? उदेक लाग्छ, सात सालदेखिका योजना अधुरा छन्, अब नयाँ बनिहाले पनि तिनले दिने प्रतिफल कसका लागि होला ? र त भन्ने परेको छ, प्राकृतिक विपत्तिमात्रै हाम्रो नियति रहेन अब, घरआँगनमा आएका चाडपर्व पनि हाम्रा नियतिका रूपमा देखा परेका छन्, हाम्रो गरिबी, हाम्रो विवशता र बाध्यता हो अनि त मुटुमाथि ढुंगा राखी हाँस्नुपरेको छ । *(स्रोतः कारोबारदैनिक)*

## १०० दिनको...

**समाजः बागमती प्रदेशमा भागबण्डाको विषय मिलाउन नसक्दा मन्त्रालय र मन्त्री बढ्दै गएको हो ?**

**लामाः** अहिलेको परिस्थितिमा एउटामात्र दलको सरकार बन्ने अवस्था छैन । एउटै पार्टीको सरकार बन्ने सम्भावना पनि देखिन्न । संविधाने दिएको अधिकारअनुसार गठबन्धनको सरकार बनेको हो । संविधानको अधिकारअनुसार नै मन्त्रालय निर्धारण गरिएको हो । संविधानमा भए त्यो व्यवस्था प्रयोग हुन्छ, नत्र हुँदैन ।

**समाजः कांग्रेस सत्तामा पुग्नेवित्तिकै मन्त्रालयको संख्या बढ्छ । यसअघि कांग्रेसका रामकृष्ण चित्रकारलाई जिम्मेवारी दिन मन्त्रालयको संख्या बढ्यो । अहिलेपनि कांग्रेसभित्र भागबण्डा नमिलेको कारण १४ मन्त्री कायम छन् । के यो संयोगमात्र हो ?**

**लामाः** हामीले मन्त्रालयको संख्या बढाउन नमिल्ने गरी काम गरेका छैनौं । मिलेरै गरेको हो । मन्त्रालयको संख्या कांग्रेस सरकारमा नहुँदा पनि बढेको हो । एमाले, माओवादी र कांग्रेसको सरकार हुँदा १४ मन्त्रालय र १८ मन्त्री थिए । त्यसमा कांग्रेसको कारण देखिँदैन । पछि घटेर ११ मन्त्रालय भयो । त्यसपछि १२ मन्त्री भयो । त्यो गठबन्धनको सन्तुलन मिलाउनका लागि भएको हो । त्यसपछि अन्य पार्टीले पनि मन्त्रालय बढाएका छन् । समाजवादी, माओवादी र एमाले सरकारमा हुँदा १३ वटा भएकै हो । बढाउने काम कांग्रेसले मात्र गरेको होइन ।

**समाजः मन्त्रालयको संख्या बढ्छ या एउटा मन्त्री विनाविभागीय रहने या फिर्ता रहने ?**

**लामाः** हामी छलफलमा छौं । उहाँको जिम्मेवारी तोकिन्छ । जसले मन्त्रालयको संख्या बढ्नसक्छ । सरकारले विभिन्न चरणमा हरेक कोणबाट छलफल पनि गरेको छ । सहमतिको अन्तिम तयारी गरिरहेका छौं । उहाँको जिम्मेवारी यहि भन्ने टुंगेको छैन ।

**समाजः तपाई बागमती प्रदेशको मुख्यमन्त्री भइरहँदा प्रदेशको चुनौती के के लाग्छ ?**

**लामाः** प्रदेशको चुनौती भनेको सुशासनको पक्षलाई सबल बनाउनुपर्ने हो । सुशासन महत्वपूर्ण विषय हो । जनतासँग अनुशासित भएर उहाँहरुले उठाएका कुराहरुलाई कसरी निवारण गर्ने, त्यसलाई कसरी निराकरण गर्ने र जनतालाई सेवा प्रवाह तथा विकासको अनुभूत गराउनु प्रदेशको चुनौती हो । प्रदेशले गरेको कामहरु नागरिकलाई चिनाउनु महत्वपूर्ण जिम्मेवारी रहेको छ । भ्रष्टाचारको विषय नियन्त्रण, अनियमिता र आर्थिक अनुशासन प्रदेशको चुनौतीका विषय हुन् । प्रदेश सरकारले स्रोत व्यवस्थापन र आम्दानीको श्रोत निर्धारणमा ध्यान दिनुपर्छ । आम्दानीको श्रोत हुने क्षेत्रमा लगानी गर्नुपर्नेछ । विकास निर्माणसँगै रोजगारी सिर्जना गर्नुपर्छ । बजारीकरण हुने तरिकाले र कृषि उत्पादनलाई प्राथमिकता दिन जरुरी छ । दिगो उत्पादन र विकासमा लगानी गर्नुपर्छ ।

**समाजः प्रदेशका नागरिकको जीवनस्तर सुधारमा सरकारको योजना के छ ? तपाईको कार्यकालमा प्रदेशको नागरिकको आर्थिक अवस्था कहाँ पुग्छ भन्ने सोच्नु भएको छ ?**

**लामाः** हामीले धेरै विषयमा सुधार गर्नुपर्ने अवस्था छ । सिस्टम सुधार गर्न पहिला आफैं सुध्रिनुपऱ्यो । सबै पक्षको सुधारका लागि सरकारले योजना निर्माण गरिरहेको छ । प्रदेशको आर्थिक अवस्था सुधारको प्रमुख क्षेत्र भनेको कलकारखाना नै हो । उद्योग स्थापना र सञ्चालनले नागरिकको आयस्तरमा सुधार गर्छ । सरकारले त्यसका लागि वातावरण दिनुपर्नेछ । अर्थतन्त्रको सुधारका लागि लगानीकर्ताहरु आकर्षित गर्ने, सुविधाहरुको वितरण महत्वपूर्ण हुन्छ ।

**समाजः यसो भनिरहँदा प्रदेश सरकारकै लगानी पनि काम लाग्ने ठाउँमा प्रयोग भएको देखिन्न । शीतभण्डार, पाउडर प्लाण्ड योजना अझै अलपत्र नै छ । सञ्चालनको अवस्थामा नै छैनन् । लगानी उपलब्धीहीन योजनामा परे कि ?**

**लामाः** शीतभण्डार बनाउँदा के-का लागि बनाउने भन्ने कुरा अध्ययन नै भएन । बजारको आवश्यकता र मागअनुसार योजना सञ्चालन गर्नुपर्नेछ । तर, विगतमा त्यसो भएन । हाम्रोमा अनुसन्धान गर्ने चलन नै छैन । जहाँ उत्पादन हुन्छ, त्यहाँको सुविधाका लागि शीतभण्डार बनाउनुपर्छ । आलुको लागि भण्डार बनाउने हो कि स्याउ वा अन्य फलफूलका लागि एकीन हुनुपर्छ । सरकारले कसैको स्वार्थको हिसाबले योजना बनाएर हुँदैन । यो दीर्घकालीन र फलदायी हुन सक्दैन । लगानी गरेपछि आम्दानी हुने तरिकाले लगानी गर्नुपर्छ । उत्पादनमूलक क्षेत्रमा लगानी गरेर बजारिकण तर्फ हामीले ध्यान दिनुपर्छ । विगतको सरकारले अनुसन्धान नै गरेन । जसका कारण अहिले उपलब्धीहिन देखिएको छ । यद्यपी हामी त्यसलाई प्रयोगका विषयमा छलफल गरिरहेका छौं । सरकार लगानीको दीर्घकालीन प्रभाव मूल्यांकन गरेर अघि बढेको छ । निकास निकाल्ने छौं ।

**समाजः बागमती प्रदेशको उत्पादन क्षेत्र के हो ?**

**लामाः** प्रदेश सरकारले आफ्ना प्रोडक्टका बारेमा अनुसन्धान गर्छ । प्रदेशको स्रोतको अवस्थाअनुसार प्रोडक्ट निर्धारण हुन्छ । हामीसँग मठमन्दिर छ । आकर्षक पर्यटकीय क्षेत्र छ । बाहिरबाट भ्रमण गर्न पर्यटक ल्याउनसक्ने अवस्था छ । औद्योगिक उत्पादनको सम्भावना छ । कृषि क्षेत्रमा पनि थुप्रै काम गर्न सक्ने अवस्था छ । हामीले योजना बनाउन र छनौट गर्न सक्नुपर्छ । सबै कुराको व्यवस्था मिलाएर त्यसका बारेमा अनुसन्धान गर्ने तयारी छ । हरेक चुनौतीको सामना गरेर योजनावद्धरुपमा अघि बढ्ने छौं ।

**समाजः प्रदेशमा रहेको बजेट विनियोजन, स्वास्थ्य विज्ञान प्रतिष्ठानका विवादित विषयलाई कसरी अघि बढाउने तयारी छ ?**

**लामाः** यो विषयमा सबै समाजवादी हुनुपर्छ । यो विषयका लागि नीति निर्माण गरेर अगाडि बढ्नुपर्ने अवस्था छ । कानुनी हिसाबले र व्यवहारिक हिसाबले यसलाई मिलाएर सरकर अगाडि बढ्छ ।

**समाजः मुख्य २ दलले नै स्वास्थ्य विज्ञान प्रतिष्ठानको विषयलाई स्वार्थ बनाएको देखिन्छ नि ?**

**लामाः** सबैको यसमा फरक-फरक धारणा हुन्छ । त्यसमा लाग्नु हुन्न । नागरिकको सुविधा र कानुनको अधिनमा रहेर अघि बढ्नुपर्छ । केही कानुनी प्रावधानहरु पनि सुधार गर्नु पर्नेछ । मुख्य दलहरुबिच सरकारले एउटा लिखित सम्झौता गरेर अगाडि बढाउनुपर्छ । जीत र हारमा लाग्नु हुँदैन ।

# पत्रकार महासंघको चुनाव असोज ५ गते

*समाज संवाददाता*

हेटौंडाः नेपाल पत्रकार महासंघको केन्द्र, प्रदेश र जिल्ला तीनै तहको निर्वाचन आगामी असोज ५ गते हुने भएको छ । महासंघका अध्यक्ष विपुल पोखेलले आइतबार एक विज्ञप्ति जारी गर्नुहुँदै निर्वाचन समितिलाई निर्वाचनको मिति तय गरिएको जानकारी गराउनुभएको छ ।

यसअघि सदस्यता शुद्धीकरणमा विवादका कारण दुई पटक तय गरिएको महासंघको निर्वाचन सरेको थियो । महासंघमा लामो समयदेखि बहसमा रहेको सदस्यता शुद्धीकरणमा यो पटक महत्वपूर्ण उपलब्धि हासिल भएको अध्यक्ष पोखेलले दावी समेत गर्नुभएको छ । यो पटकको प्रयासबाट भएको सदस्यता शुद्धीकरणले पेशागत शुद्धता तथा महासंघको शुद्धीकरणका लागि महत्वपूर्ण हुने विश्वास लिएको र शुद्धीकरणका क्रममा भएका त्रुटिहरु क्रमशः सच्याउनुपर्ने आवश्यकता समेत देखेको अध्यक्ष पोखेलले विज्ञप्तीमा उल्लेख गर्नुभएको छ ।

महासंघको नयाँ नेतृत्व चयन प्रक्रिया नियमित हुन नसक्दा आम पत्रकार र महासंघसँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने पक्षहरूमा छाएको निराशा र चिन्ता स्वाभाविक भएको अध्यक्ष पोखेलको भनाई छ । उहाँले असोज ५ गते महासंघको सबै तहको निर्वाचन सफल बनाउन आग्रह गर्नुभएको छ ।

# ३९ लाख रुपैयाँको अवैध सामान बरामद

*समाज संवाददाता*

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले करिब ३९ लाख रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ । कार्यालयबाट खटिएको प्रहरी टोलीले बिल भरपाई नभएको तथा श्रोत नखुलेको ३८ लाख ७३ हजार ४ सय ५७ रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिएको हो ।

शनिबार ८ बजेर २० मिनेटको समयमा जीतपुर सिमरा उपमहानगर पालिका-६ मा वीरगञ्जबाट पथलैयातर्फ आउँदै गरेको ना ३ ख ८१०३ नम्बरको डिब्बा ट्रकलाई रोकी चेकजाँच गर्दा ३८ लाख १५ हजार रुपैयाँ बराबरको किराना सामान, पेन्ट्स, स्पेयर्स पार्टस्, मोटर पार्टस्सहित डिब्बा ट्रक नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ । यस्तै, इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट खटिएको प्रहरीले शनिबार १२ बजेको समयमा जीतपुर सिमरा उपमहानगरपालिका-२१ स्थित पथलैयाबाट हेटौंडातर्फ जाँदै गरेको जीएए ००७१ नम्बरको यात्रुबाहक बसलाई रोकी चेकजाँच गर्दा उक्त बसबाट ५८ हजार रुपैयाँ बराबरको बुन्दी दाना र विभिन्न किसिमका मिठाइहरु नियन्त्रणमा लिएर आवश्यक कारबाही अगाडि बढाइएको प्रहरीले बताएको छ ।

# बालजागृतिका विद्यार्थीको आवाज

## मेरो बाबा

मेरो खुसीका लागि आफ्नो जीवन नै दिने
मेरा इच्छा पूरा गर्न साहुसँग ऋण लिने

मेरा लागि महान तिमी जगतपिता भन्दा
साह्रै खुसी हुन्थ्यो कुशे औंसी आउने दिन गन्दा

आमा बिना घर अधुरो तिमी बिना जीवन
किनिदियौ कपालमा लगाउने रातो रिवन

निन्द्रा आफ्नो भुलेर हामीलाई सुतायौ
आफ्ना आँशु झारेर हामीलाई हँसायौ

दिनरात नभनी हाम्रा लागि कमायौ
हाम्रो खुसीमा नै आफू पनि रमायौ ॥



**सभ्यता कुँवर**

*कक्षा-७*




**वैज्ञानिकसँग विद्यार्थीः** नेपालका ख्यातीप्राप्त वैज्ञानिक डा. महावीर पुन आफ्नो पुस्तक बिक्री अभियानअन्तर्गत हेटौंडा आउनुभएको अवसरमा बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका सञ्चालक, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावकलाई किताब बिक्री गर्ने क्रममा खिचिएको तस्वीर । डा. पुनले बीरगन्जस्थित कृषि सामग्री कम्पनि सुचारु गर्नका लागि आर्थिक स्रोत जुटाउने उद्देश्यले आफ्नो पुस्तक बिक्रीका लागि देश दौडाहा गरिरहनुभएको छ । करिब २ साता मकवानपुर जिल्लामा रहेर आइतबार डा. पुन बारा जिल्ला जानुभएको छ ।

हार्दिक बधाई



श्री कृष्ण प्रणामी युवा परिषद् नेपाल मुलमिलावा धाम प्रारम्भिक समिति हेटौंडा-६, गौरिटारले श्री कृष्ण प्रकाट्य उत्सव २०८१ को अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमअन्तर्गत "सभ्य समाज निर्माणका लागि युवा तथा अध्यात्मको भूमिका" विषयक् वक्तृत्वकला प्रतियोगितामा सहभागी भई प्रथम हुन सफल हाम्री छात्रा देविना सञ्जेललाई बधाई एवम् आगामी दिनमा पनि निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं ।

## बाबा



**श्रीयष ढकाल**

तिमी कति महान छौ यो संसार देखायौ बाबा
हजारौं जन्ममा तिर्न नसक्ने गुन लगायौ बाबा ।

आफू लडेर मलाई हिँड्न सिकायौ यो संसारमा
बोल्न नसक्दा तोते बोली बोल्न सिकायौ बाबा ।

मेरा लागि सधैंभरी काममा खट्नुहुन्छ बाबा
सधैंभरी ज्ञानगुनका कुराहरु बाँड्नुहुन्छ बाबा ।

कहिले साथी, कहिले शिक्षक, कहिले मेरा बाबा
संसारमा उज्यालो बाटो देखाउने मेरो प्यारो बाबा ।

आफ्नो गोजी खाली बनाई नाई भनेको छैन
बाबा भन्दा धनी मानिस अरु कोही छैन ।

*कक्षा-५*

# ३४ जनामा डेंगु र ९ जनामा स्क्रब टाइफस पुष्टि

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा आइतबार ३४ जनामा डेंगु पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरणअनुसार आइतबार ३४ जनामा डेंगु संक्रमण पुष्टि भएको हो ।

डेंगु संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका २६ जना बासिन्दा रहेका छन् । मनहरी गाउँपालिकाका ३ जना, मकवानपुरगढी गाउँपालिका र बकैया गाउँपालिकाका २/२ जना र भीमफेदी गाउँपालिकाका एक जना बासिन्दालाई डेंगु पुष्टि भएको हो ।

चालु आर्थिक वर्षको साउन महिनायता जिल्लामा २ सय ७ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । डेंगु पुष्टि हुनेमा ७० जना पुरुष र ८४ जना महिला रहेको स्वास्थ्य कार्यालयको तथ्याङ्कले जनाएको छ ।

जिल्लामा सबैभन्दा बढि हेटौंडा उपमहानगरपालिकाका बासिन्दामा डेंगु पुष्टि भएको छ । हेटौंडाका एक सय ५४ जना बासिन्दामा डेंगु पुष्टि भइसकेको छ । यस्तै, साउनदेखि हालसम्म मकवानपुरगढी गाउँपालिकाका १५ जना, बागमती गाउँपालिकाका एक जना, कैलाश गाउँपालिकाका २ जना, मनहरी गाउँपालिकाका १९ जना, भीमफेदी गाउँपालिकाका ४ जना र बकैया गाउँपालिकाका ८ जनामा डेंगु पुष्टि भएको हो ।

डेंगु पुष्टि हुनेमा एक जनाको ठेगाना खुलेको छैन भने ३ जना अन्य जिल्लाका रहेका छन् । यस्तै, जिल्लामा डेंगुसँगै स्क्रब टाइफसको संक्रमण पनि बढ्दै गएको छ । आइतबारमात्र जिल्लामा स्क्रब टाइफस ९ जनामा पुष्टि भएको छ । साउनयता जिल्लामा ९९ जनामा टाइफस संक्रमण पुष्टि भइसकेको छ ।

डेंगुजस्तै स्क्रब टाइफस पनि हेटौंडामै बढि पुष्टि भएको छ । हेटौंडा उपमहानगर पालिकाका ५३ जना, मकवानपुरगढी गाउँपालिकाका १३ जना, मनहरी गाउँपालिका र बकैया गाउँपालिकका १०/१० जना, भीमफेदी गाउँपालिकाका ५ जनामा स्क्रब टाइफस पुष्टि भएको छ । बागमती गाउँपालिका, कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका र राक्सिराङ गाउँपालिकाका एक/एक जनामा स्क्रब टाइफल संक्रमण पुष्टि भइसकेको छ । जिल्लाको थाहा नगरपालिकामा भने स्क्रब टाइफस संक्रमण देखिएको छैन । अन्य जिल्लाका एक जनामा स्क्रब टाइफस पुष्टि भएको कार्यालयले जनाएको छ ।

# साहित्यार रिजाललाई राष्ट्रिय सम्मान

समाज संवाददाता

हेटौंडाः मकवानपुरका अग्रज साहित्यार आरसी रिजाल 'फित्कौली हास्यव्यङ्ग्य राष्ट्रिय सम्मान- २०८१' बाट सम्मानित हुनुहुने भएको छ । फित्कौली अनलाइन मिडियाले साहित्यकार रिजाललाई यही भदौ २२ गते शनिबार काठमाडौंमा एक कार्यक्रम बीच सम्मान गर्ने भएको हो ।

चार दशकदेखि हास्यव्यङ्ग्य लेखनमा क्रियाशील साहित्यकार रिजाललाई नगद २० हजार १ सय १ रुपैयाँ राशीसहित उक्त पुरस्कार प्रदान गर्न लागेको जनाएको छ । साहित्यकार रिजाल बुढ्यौली साहित्य समाज मकवानपुरका अध्यक्ष हुनुहुन्छ भने साहित्य संगम मकवानपुर र सिस्नुपनी नेपाल मकवानपुरका पुर्वअध्यक्षसमेत हुनुहुन्छ । मिडियाले हरेक वर्ष भाद्र महिनामा समर्पण गरिने विभिन्न सम्मान एवम् पुरस्कारहरू २०८१ का लागि पाँच जना हास्यव्यङ्ग्यकर्मीहरूलाई समर्पण गर्ने निर्णय गरिएको जनाएको छ । रिजालसँगै सिन्धुलीका महेश थापा, गोरखाका सुभाषचन्द्र देवकोटा, सिन्धुपाल्चोकका देवीप्रसाद चापागाई र इलामका दीनानाथ पोखेललाई सम्मान गर्ने जनाएको छ ।

## जोन स्मृति फुटबल प्रतियोगिता

# रमनटार र एफसी मेन्था फाइनलमा

समाज संवाददाता

हेटौंडाः रमनटार युवा क्लब र राक्सिराङ गाउँपालिकाको एफसी मेन्था मकवानपुरको मनहरी गाउँपालिकामा जारी जोन राना मगर स्मृति फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । आइतबार मनहरी-६ स्थित जोगिताल मैदानमा भएको सेमीफाइनल चरणको खेलमा रमनटारले आयोजक सयपत्री बी लाई ३-० गोलअन्तरले र एफसी मेन्थाले आयोजक सयपत्री 'ए' लाई टाइब्रेकरमा ४-३ गोलले हराउँदै फाइनलमा प्रवेश गरेको हो ।

सेमीफाइनलबाट फाइनलको यात्रा पूरा गर्ने दुबै टिमले अब सोमबार उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । रमनटारबाट क्याप्टेन रोमन श्रेष्ठले दुई गोल र राजन गोलले एक गोल गरे । म्यान अफ द म्याच दुइ गोलकर्ता श्रेष्ठ घोषित भएका छन् । सयपत्री 'ए' र एफसी मेन्थाबीचको निर्धारित खेल दुई-दुई गोलको बराबरीमा रोकिएपछि नतीजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो । सयपत्रीबाट पाल्देन शेर्मा र पुल्साङ श्रेष्ठले समान एक-एक गोल गर्दै दुई गोल पूरा गरेका थिए । यस्तै मेन्थाबाट मिलन स्याङ्तान र कपिल मोक्तानले एक-एक गोल गरेका थिए ।

टाइब्रेकरमा दुबै पक्षबाट ५ जना खेलाडीले बल प्रहार गर्दा आयोजकको तर्फबाट ३ जना खेलाडीको प्रहारमात्र गोलमा परिणत भएको थियो भने मेन्थाबाट ५ जनाले खेलाडीले बल प्रहार गर्दा ४ जनाको प्रहार गोलमा परिणत भएको थियो । म्यान अफ द म्यान आयोजकका गोलरक्षक विक्रम गोल घोषित भएका छन् ।

# लायन्स तथा लियोको संयुक्त पदस्थापन

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लामा क्रियाशील लायन्स तथा लियो क्लबको संयुक्त पदस्थापन कार्यक्रम शनिबार सम्पन्न भएको छ । लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपाल अन्तर्गत मकवानपुरका लायन्स तथा लियो क्लबका वर्ष २०२४/२५ का पदाधिकारीको पदस्थापन भएको हो ।

कार्यक्रमका संयोजक विजय कार्कीले लायन्सले दृष्टि, वातावरण, भोकमरी, बाल क्यान्सर, युवा, शिक्षा, महिला र बालबालिकाको क्षेत्रमा काम गरिरहेको बताउनुभयो । पदस्थापना कार्यक्रममा लायन्स एरिया-२ एसका डिष्ट्रिक्ट गभर्नर टासी डोल्मा तुम्बाहाम्फे र पूर्व गर्भनर शम्भु नकर्मी लगायतका उपस्थिति रहेको थियो । बागमती प्रदेशका प्रमुख दीपक प्रसाद देवकोटाको प्रमुख आतिथ्यमा पदस्थापना कार्यक्रम भएको हो ।

## वर्षाको कारण लिगका ३ खेल प्रभावित

# न्यू कम्वाइन र नामटार विजयी

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिता अनतर्गत आइतबार दुई खेल मात्र सम्भव भएको छ । हेटौंडा-६ स्थित गौरीटार रंगशालामा र हेटौंडा-११ स्थित सिमटार मैदानमा एक-एक गरी दुई खेल मात्र सम्पन्न भएको हो ।

आइतबार गौरीटार रंगशालामा भएको खेलमा हटिया स्पोर्ट्सलाई २-१ गोलले हराउँदै एफसी नामटारले विजयी सुरुवात गरेको छ । नामटारको जीतमा सविन गोल र सन्दीप भोलनले समान एक-एक गोल गरे । यस्तै हटियाका लागि सुरज तामाङले मात्र गोल गरे । म्यान अफ द म्याच नामटारका गोले घोषित भएका छन् । यस्तै सिमलटार मैदानमा भएको खेलमा हेटौंडा-७ लाई ३-० गोलअन्तरले हराउँदै न्यू कम्वाइनले विजयी सुरुवात गरेको छ । कम्वाइनको जीतमा सुरज थिङले दुई र विशाल भोलनले एक गोल गरे । म्यान अफ द म्याच सुरज थिङ घोषित भएका छन् ।

प्रतियोगिता अन्तर्गत आइतबार ३ खेल वर्षाका कारणले स्थगित भएको छ । शनिबार स्थगित भएर आइतबार बिहान हुने भनिएको हेटौंडा भेट्रान्स र सक्षम युवा क्लब, दिउँसो हुने भनिएको पिप्ले युवा क्लब र रियल स्टार क्लब तथा मल्टिभिजन र पदमपोखरी युथबीच हुने भनिएको खेल स्थगित भएको हो । स्थगित खेलहरुको बारे सोमबार निर्णय गरिने जिल्ला फुटबल संघले जनाएको छ । प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ । लिगको उपाधि विजेताले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# दुई जिल्लामा तीन जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको दुई जिल्लामा तीन जनाको मृत्यु भएको छ । शनिबार चितवनमा दुई तथा काभ्रेमा एक गरी तीन जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शनिबार चितवनको कालिका नगर पालिका-८, गंगटेमा एक वृद्ध मृत भेटिएका छन् । बिहान ८ बजे कयर खोलामा ८४ वर्षीय सोम बहादुर मुडवरी मृत भेटिएको प्रहरीले जनाएको छ । वृद्ध आफ्नै घरदेखि १ किलोमिटर पूर्वमा पर्ने खोलामा मृत अवस्था रहेको भन्ने खबर प्राप्त भएपछि प्रहरी टोली खटिएर शवलाई पोष्टमार्टमका लागि भरतपुर अस्पताल पठाइएको जनाएको छ ।

यस्तै शनिबार चितवनको भरतपुर महानगरपालिका-२६, आदर्श टोलमा एक पुरुष मृत भेटिएका छन् । बिहान १० बजेको समयमा ६३ वर्षीय शुक बहादुर महतो मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ । मृतक तीन दिन अगाडिदेखि घरबाट बेपत्ता भएको बुझिएको प्रहरीले जनाएको छ । पुरुषको शव शनिबार दिउँसो १ बजेर ५० मिनेटको समयमा मुचुल्का पश्चात पोष्टमार्टमका लागि भरतपुर सरकारी अस्पतालमा लगिएको जनाएको छ ।

शनिबार काभ्रेको नमोबुद्ध नगर पालिका-२, काशिखण्डमा एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही ठाउँका ४७ वर्षीय चन्द्र बहादुर श्रेष्ठ रहेको प्रहरीले जनाएको छ । सुतेको ठाउँबाट उठेर बाहिर निस्कने क्रममा श्रेष्ठ एक्कासी लडेर बेहोस भएका थिए । बेहोस भएका श्रेष्ठलाई छोराले तत्काल उपचारका लागि मेथिनकोट अस्पताल भकुण्डे लगेर सामान्य उपचार पश्चात थप उपचारका लागि शिर मेमोरियल अस्पताल पुऱ्याइएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

## डिप्लोमा मेडिकल ल्याब टेक्नोलोजी र डिप्लोमा फिजियोथेरापी दोस्रो पूनः प्रवेश परिक्षा फारम सम्बन्धि सूचना

यस मकवानपूर टेक्निकल ईन्ष्टिच्यूट हेटौडामा शैक्षिक सत्र २०८१/०८२ का लागि डिप्लोमा मेडिकल ल्याब टेक्नोलोजी र डिप्लोमा फिजियोथेरापी संकायमा केहि सिट रिक्त रहन गएकोले दोस्रो पूनः प्रवेश परिक्षाको फारम खुलेको हुनाले मिति २०८१/०५/१७ गते देखि २०८१/०५/२० गतेका दिन बेलुकी ५ बजेभित्र परीक्षा फारम बुझाउन हुन जानकारी गराईन्छ ।

**मकवानपुर टेक्निकल ईन्ष्टिच्यूट हेटौडा**
**०५७-५२१८५२, ९८५५०१२८५२**
**चन्द्रशेखर पंडित**
**उपनिर्देशक**

## सूचि दर्ता सम्बन्धी सूचना

*(सूचना प्रकाशित मितिः २०८१/०५/१७)*

जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) हेटौंडा-४, मकवानपुरलाई आ.व २०८१/०८२ का लागि आवश्यक पर्ने वस्तु/समान/परामर्श/सेवा आपूर्तिका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार तपसिल अनुसारका कागजात संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कार्यालय समयमा सूची दर्ताका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न गरी निवेदन पेश गर्न अनुरोध छ । तोकिएका कागजातहरु अपुग भएका निवेदनहरु स्वतः रद्ध हुने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गरिन्छ ।

**तपसिलः**

१. कम्पनी/संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी (नवीकरण सहित) ।
२. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र ।
३. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी ।
४. सूची दर्ता गराई पाउँ भन्ने व्यहोराको आधिकारिक पत्र ।

**प्रधानाध्यापक**
**जनप्रिय माध्यमिक विद्यालय**
**(प्राविधिक शिक्षालय)**
**हेटौंडा-१६, हटिया**

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)

BSc. CSIT
BCA
BBS
} TU Affiliate
BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## श्री जनप्रिय माध्यमिक विद्यालय

**(प्राविधिक शिक्षालय)**
**हेटौंडा १६, हटिया चिसापानी**

## शिक्षक आवश्यकता

*(सूचना प्रकाशित मिति : २०८१/०५/१७ गते)*

यस श्री जनप्रिय मा वि (प्राविधिक शिक्षालय), हेटौंडा १६, चिसापानी, मकवानपुरमा विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०५/०७ गते बसेको बैठकको निर्णय अनुसार आधारभूत तह ग्रेड शिक्षक एक (१) जना, (निजी स्रोत) मा पदपुर्ति गर्नुपर्ने भएकोले उल्लेखित पदमा तपसिल बमोजिमको आधारमा दक्ष एवं योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धीत सबैमा यो सूचना आह्वान गरिएको छ । तलब सुविधा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार दिईनेछ ।

**तपसिल :**

**विज्ञापन नं. : ३/८१-८२**

पद : आधारभुत तह, (ग्रेड शिक्षक निजी श्रोत)
सेवा : करार
संख्या : १ (एक)
शैक्षिक योग्यता : मुख्य विषय अंग्रेजी लिई +2. वा सो सरह उत्तीर्ण गरेको तथा मन्टेश्वरी तालिम भएको ।
विशेष ग्राहयता : माथिल्लो शैक्षिक योग्यता भएका तथा अनुभवीलाई विशेष ग्राहयता दिईनेछ ।
उमेर : २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
दरखास्त दिने अन्तिम मिति : २०८१/०५/२३ गते, फाराम भर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्टसम्म दरखास्त बुझाउन सकिनेछ ।
सम्पर्क मिति : २०८१/०५/२३ गते साथै परीक्षा मिति सोही दिन जानकारी गराईनेछ ।

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरु :**

- एसएलसी देखि माथिका सबै कक्षा उत्तीर्ण लब्धाकंपत्र एवं चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु १/१ प्रति,
- नेपाली नागरीकताको प्रतिलिपी १ प्रति, पासपोर्ट साईजको फोटो २ प्रति र मन्टेश्वरी तालिमको प्रमाणपत्र प्रतिलिपी १ प्रति
- साथै दरखास्त फारमसँगै परीक्षा दस्तुर रु. ५००/- लेखा शाखामा नगद बुझाएको नगदी रसीद वा बैंक भौचर संलग्न राखी बुझाउनुपर्नेछ ।

**सम्पर्क : ०५७-५३०१२२, ९८४५२३४७५५**
**शिक्षक छनौट समिति-२०८१**
**श्री जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**
**हेटौंडा १६, हटिया चिसापानी**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ